# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडा अन्तर्राष्ट्रिय मुद्रा कोषले कतारको दोहामा आयोजना गरेको "Annual Meeting of the Steering Committee of AML/CFT Topical Trust Fund (TTF)" मा भाग लिई वैशाख २० गते स्वदेश फर्कनुभयो । उक्त कार्यक्रममा उहाँले नेपालको सम्पत्ति शुद्धीकरण निवारणको प्रयासमा अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोग, सम्पत्ति शुद्धीकरण निवारणको दीर्घकालीन रणनीतिको उद्देश्य र कार्यान्वयनको अवस्था तथा आगामी कार्यसूची र चुनौतीबारे प्रस्तुति गर्नुभएको थियो । उहाँले सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा कानुनी तथा संस्थागत सुधार गर्न, नेपालको यस क्षेत्रका नियमनकारी तथा कार्यान्वयन गर्ने संस्थाहरूको क्षमता अभिवृद्धिमा अन्तर्राष्ट्रिय मुद्रा कोषको भूमिकालाई निरन्तरता दिन अनुरोध गर्दै यसमा अन्य दातृ निकायहरूको सहयोगको लागि समेत आह्वान गर्नुभएको थियो ।

उक्त कार्यक्रममा अन्तर्राष्ट्रिय मुद्रा कोष लगायत अन्य दातृ निकायले विविध चुनौतीका बीच सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा नेपालले गरेको प्रगतिको सकारात्मक मूल्याङ्कन गरी आगामी दिनमा समेत सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरेका थिए ।

गभर्नर खतिवडा उक्त कार्यक्रममा भाग लिन वैशाख १८ गते त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । उहाँका साथ कानुन महाशाखा, वित्तीय जानकारी एकाइका सहायक निर्देशक हरिकुमार नेपाल पनि सहभागी हुनुहुन्थ्यो ।

२०६९ वैशाख २० गते, बुधवार

गभर्नरको कार्यालय